प्रेस काउन्सिल नेपालबाट 'क' वर्गमा सूचिकृत

साप्ताहिक

# खस्यौली

वर्ष-१२, अंक ३६ | २०८२ साल साउन १५ गते बिहिबार | July 31, 2025 | पृष्ठ-६ | मूल्य रु.-५/-









करिव २ दशकदेखि सर्प संरक्षणमा खटिने परिवार हो रुपन्देही तिलोत्तमा १ निवासी खिमलाल पाण्डे । शंकरनगर वनविहार तथा अनुसन्धान केन्द्र (वनवाटिका) का अध्यक्ष पाण्डे सहित उनका २ छोराहरु सर्प संरक्षणको अभियानमा संलग्न छन् । खीमलाल रुपन्देहीमै सबैभन्दा पहिला सर्प संरक्षणको अभियानमा लागेका व्यक्ति हुन् ।

# सर्प सारथी: पाण्डे परिवार

**विनोद परियार /खस्यौली**

बुटवल- रुपन्देहीमा एउटा यस्तो परिवार छ, सिंगो परिवार नै सर्प संरक्षणमा खटिन्छन् । सर्पको संरक्षणमा किन भन्ने प्रश्न मनमा उब्जनसक्छ तर, उनीहरु भन्छन -'पर्यावरण, पारिस्थीतिकिय प्रणालीका लागि पनि सर्प जोगाउनुपर्छ ।' करिव २ दशकदेखि सर्प संरक्षणमा खटिने परिवार हो रुपन्देही तिलोत्तमा १ निवासी खिमलाल पाण्डे । शंकरनगर वनविहार तथा अनुसन्धान केन्द्र (वनवाटिका) का अध्यक्ष पाण्डे सहित उनका २ छोराहरु सर्प संरक्षणको अभियानमा संलग्न छन् । खीमलाल रुपन्देहीमै सबैभन्दा पहिला सर्प संरक्षणको अभियानमा लागेका व्यक्ति हुन् । उनी भन्डै दुई दशकदेखि सर्प उद्धार र संरक्षणमा खटिएका छन् । बुबाले सर्पको उद्धार गरी संरक्षणमा लागेको देखेकै कारण उनका दुई छोराहरु विशाल र विश्वास पनि प्रभावित भए ।

अहिले खिमलाल पाण्डे भन्दा बढि सक्रिय विशाल छन् । ३१ वर्षिय विशाल ५ वर्षयता रुपन्देहीमा सर्पको संरक्षणमा परिचित छन् । विशेष गरी गर्मि र वर्षायाममा सर्पका कारण मानिसहरुले अकालमा ज्यान गुमाइरहेका हुन्छन् । घरभित्र सर्प देख्नासाथ मानिसहरु डराउँछन र सर्प मार्छन् । तर, उद्धारकर्ताकै कारण पछिल्लो समय सर्प मारिनेक्रम घटेको पनि छ । हो, सर्पको जीवन जोगाएर इकोसिस्टमलाई बलियो बनाउने कामममा विशाल सहितको परिवार खटिएका छन् । विशालल असार २२, २३ र २४ गते रुपन्देही तिलोत्तमा स्थित एक घरबाट २३ वटा गोमन (कोब्रा) सर्पको बच्चा (बेबी कोब्रा) को उद्धार गरेपछि थप चर्चामा आएका छन् । ३१ वर्षीय विशालले सर्प संरक्षणबाटै परिचय बनाउन पाएकोमा खुशि व्यक्त गरे ।

विशालको पहिला भने सर्प संरक्षणमा समर्पित भएर लाग्ने सपना देखेका थिएनन् । त्यसैले उनी केही बर्ष जापान पनि गए । जब विशाल जापान बसेर फर्के, त्यसपछि बुबाको जिम्मेवारीलाई पूर्ण रुपमा सम्हाले निधोमा पुगे । 'पहिले बुबालाई नै खोज्थें, साढे ३ वर्षदेखि सर्पको उद्धारमा म र भाइ लागेका छौं,' उनले भने ।

विशाललाई भाइ विश्वासले पनि उत्तिकै साथ दिएका छन्। पाण्डे परिवारले असार २२, २३ र २४ गते रुपन्देहीको तिलोत्तमा-५, नयाँमिलमा एकै घरबाट २३ वटा कमन कोब्राका बच्चा (बेबी कोब्रा) को उद्धार गरेर नयाँ रेकर्ड कायम गरेका छन् ।

घरधनी दिलराम अर्याललाई भान्सामा चिया पकाउँदै गर्दा कोब्राको बच्चाले डसेपछि कोब्रा भएको पत्ता लागेको थियो । अर्याललाई सर्पले टोकेपछि श्रीमती सरस्वती अर्यालले तत्काल उपचारका लागि लुम्बिनी प्रादेशिक अस्पताल पुर्‍याएर बचाए । घरमा सर्प देखिएपछि बेलुका ७ बजेतिर सर्प उद्धारकर्ता विशाल पाण्डे पुगेर ढोकामा रहेको कोब्राको उद्धार गरेका थिए ।

'सुरुमा एउटा सर्पको उद्धार गरे पनि गल्ली र भान्सासम्म पुग्दा तीनवटा सर्प सल्बल्लाएको देखेँ,' विशालले भने, 'त्यसपछि भाइ विश्वासलाई बो लाएर उद्धार गरेको हुँ।' उनका अनुसार भान्छा कोठाको फुटेको भागमा बसेर कोब्राले फुल पारेकाले त्यहीं बच्चा जन्मेको हो। विशालको समूहले पहिलो दिन ५ वटा र दोस्रो दिन १२ र तेस्रो दिन ६ वटा गरी २३ वटा सर्प फेला पारेर उद्धार गरी जंगलमा लगेर छाडेको हो । यहाँ माउ सर्प भने भेटिएन । 'कोब्राको माउ नै आहारा खोज्दै घरमा आएको देखियो, यहाँ फुल पारेकाले यति संख्यामा कोब्रा भेटिनु सामान्य नै हो,' विशालले भने, 'तर एकैचोटि एउटै घरमा भेटिएको यो दुर्लभ संयोग हो।' विशालका बुवा खिमलालले पनि १३ वर्षअघि सोही घरबाट ११ वटा कोब्राका बच्चाको उद्धार गरेका थिए। घरधनी दिलराम अर्यालको स्वास्थ्य अवस्था अहिले अहिले सामान्य छ । एउटै घरबाट यति ठूलो संख्यामा विषालु सर्पका बच्चा भेटिनुलाई दुर्लभ मानिएको छ । 'सम्भवत नेपालमै यति संख्यामा घरमा सर्प भेटिएको पहिलो घटना हो,' एक दशकदेखि सर्पउद्धारमा संलग्न खीमलालले भने।

*बाँकी पृष्ठ २ मा*






द.जि.प्र.का.द.नं. १४४/०७०/०७१ रु.जि.हु.का.द.नं. १३/०७१/०७२ खस्यौली

# मोतिराज खनालको छड्के कपाल बजारमा




खस्यौली संवाददाता

बुटवल : तीज पर्व नजिकिँदै गर्दा नेपाली सांगीतिक बजारमा गायक तथा सर्जक मोतिराज खनालको नयाँ तीज गीत 'छड्के कपाल किन कोरेको' सार्वजानिक भएको छ। पुरानो परम्परा र मौलिक लयलाई समेटेर गीत तयार पारिएको छ।

लामो समय देखी सांगीतिक क्षेत्रमा सक्रिय खनालले यसपालिको तीजमा मौलिकता झल्कने खालको सामाजिक सन्देश बोकेको तीज गीत सार्वजानिक गरेका हुन। गीतले समाजमा देखिएका बढ्दो छाडा र उत्ताउला गीतको बिरोध गरिएको छ।

उक्त तीज गीतमा मोतिराज खनाल र लोकप्रिय गायिका राधिका हमालको स्वर रहेको छ भने दिपेश बिष्ट, कृष्ण खत्री, रश्मि भुजेल र कल्पना मल्लले स्वरमा साथ दिएका छन्। तीज गीतमा शब्द, संगीत र स्वर खनालकै रहेको छ भने संगीत संयोजन रमेश सेन्चुरीले गरेका छन्।

गीतको म्युजिक भिडियोलाई सुरज खनालले निर्देशन गरेका हुन् भने कोरियोग्राफी भने शिवजी क्षेत्रीले गरेका छन्। भिडियोमा कृष्ण खत्री र रिना गुरुङको अभिनय रहेको छ। गीतमा गीता खनाल, अस्मिता खनाल र कृष्टिना शाहको पनि अभिनय देख्न सकिन्छ।

# तीज गीत बाहुनी मन पर्छ सार्वजानिक




खस्यौली संवाददाता

बुटवल : लामो समयदेखी रुपन्देहीमा रहेर कलाकारिता गर्दै आएका वसन्त लम्साल र नारायण वि पी परियारले यो वर्ष तीजको अवसर पारेर बाहुनी मन पर्छ बोलको तीज गीत सार्वजानिक गरेका छन्। गीतमा वसन्त लम्साल, सिलु भट्टराई, नारायण वि पी परियार र रितु वोहोराको आवाज रहेको छ भने गीतका सब्द पुनराज बेल्बासेका रहेका छन भने गीतको लय वसन्त लम्सालको रहेको छ।

निसान विकको निर्देसनमा रहेको गीतमा रियान वस्याल, एलिना रायमाझी रमेस पाईजा मगर, र पार्वता श्रेष्ठको अभिनय देख्न सकिन्छ भने गीतको म्युजिक एरेन्ज भने विस्वास नेपालले गरेका हुन।

# नमराजको तीज गित 'दामि देखिन्छौ'




खस्यौलि संवाददाता

बुटवल : गायक नमराज पाण्डेको तीज गीत 'दामी देखिन्छौ' सार्वजनिक भएको छ। नेपाली नारीहरुको महानपर्व हरितालिका तीजको समय नजिकिदै गर्दा बजारमा तीजका गितहरु सार्वजनिक हुने क्रम जारि छ। यसै सन्दर्भमा पाण्डेको तीज गीत सार्वजनिक भएको हो। गीतमा गायक नमराज पाण्डे र गायिका प्रतिमा अर्यालको आवाज रहेको छ भने गीतमा शब्द लय गायक नमराज पाण्डे कै रहेका छन्। उक्त गीतको एरेन्ज महेन्द्र भण्डारीले गरेका हुन्। गीतको भिडियोमा शंकर बि.सी, लोसिना लामिछाने, मनोहर श्रेष्ठको अभिनय देख्न सकिन्छ।

पाण्डेका यसअघि भैंसी साटे भै बुढि साट्न मिल्ने भए, नक्कलीमा परियो, तेरि स्वास्नी लग्यो ड्राइभरले, मेरो छोरो हैन भन्छे, ऋणले डुब्यो बिको लगायतका तिज गित बजारमा आइसकेका छन्।

# दुर्गा नेपालको रे रे रे रे सार्वजनिक

खस्यौली संवाददाता

बुटवल : रुपन्देहीमा रहेर कलाकारिता गर्दै आएकी लोक गायीका दुर्गा नेपालको तीज गीत रे रे रे रे सार्व जानिक भएको छ। उक्त तीज गीतमा स्वर दुर्गा नेपाल र विसाल सोनीको रहेको छ भने गीतको लय सब्द भने विसाल सोनीको रहेको छ। उक्त गीतको म्युजिक भिडियोमा विसाल सोनी र अँकिता नेपालको अभिनय रहेको छ। गीतको म्युजिक एरेन्ज भने याम थापा मगरले गरेका छन्। नेपालका विगतका वर्षहरुका तीजमा पनी तीजका गीतहरु सार्वजानिक हुदै आएका छन्।




# उज्ज्वल गिरीले ल्याए 'कोठी गालैमा'




खस्यौली संवाददाता

बुटवल : तीज पर्वको अवसर पारेर रुपन्देहीमा रहेर कलाकारिता गर्दै आएका गायक तथा हास्य कलाकार उज्ज्वल गिरी ( दानबिर ) ले नयाँ तीज गीत 'कोठी गालैमा' सार्वजानिक गरेका छन्। गिरीले रुपन्देहीमा रहेर बिगत लामो समय देखी कलाकारीता र हास्य बिधालाई अगाडी बढाउदै आएका छन्। उज्ज्वल गिरी ( दानबिर ) ले बिगतका वर्षहरुमा पनी तीजका गीत सार्वजानिक गर्दै आएका छन्।

कोठी गालैमा बोलको तीज गीतमा गायक उज्ज्वल गिरीसँगै गायक नन्दु परियार र गायिका अमृता पौडेलको आवाज रहेको छ। गीतका शब्द उज्ज्वल गिरीका रहेकाछन भने गीतको लय भने नन्दु परियारको रहेको छ।

सांगीतिक क्षेत्रमै सक्रिय गायक गिरीले तीजको गीतमा मौलिक स्वादमा प्रस्तुत गर्न खोजेका छन्।




गर्मीयाममा लाग्नसक्ने रोगबाट बचौं र बचाऔं

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसम अनुसारका ताजा तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको र बासी खानेकुरा नखाऔं,
- खुलास्थानमा असुरक्षित तरिकाले राखिएका खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
- घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर, आँगन र आसपासको क्षेत्र सफा राखौं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं।



नेपाल सरकार
विज्ञापन बोर्ड

खस्यौली साप्ताहिकका लागि प्रकाशक : देवेन्द्र कुँवर, प्रधान सम्पादक: विनोद परियार, सम्पादक : विष्णुमाया भुसाल, व्यवस्थापक : भानुभक्त शर्मा, ग्राफिक डिजाइनर: बसन्त चन्द
प्रधान कार्यालय : बुटवल-रुपन्देही, इमेल : khasyauliweekly@gmail.com, मुद्रण जनप्रकाशन प्रा.लि., बुटवल फोन नं. ९८५७०७०१६२